# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18.40HRS 28.03.2024

---

## Scrutiny of Candidates

आगामी उन्नाइस अप्रेलमा हुने विधानसभा चुनाउलाई लिएर आज उम्मेदवारहरूको नामाङ्कन जाँच प्रक्रिया पूरा भयो।

गेजिङ जिल्लाका चारवटा विधानसभा क्षेत्रका उम्मेदवारहरूको नामाङ्कन जाँच प्रक्रिया जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्री M भरनी कुमारको विशेष उपस्थितिमा सम्पन्न भयो। गेजिङका निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न प्रक्रियापछि विभिन्न पार्टीका उन्तीसजना उम्मेदवारमध्ये चारजनाको नामाङ्कन रद्ध भएको छ।

यसैक्रममा मंगन जिल्लाका निम्ति भएको जाँच प्रक्रियामा एघारजना उम्मेदवारमध्ये दुईजनाको नामाङ्कन रद्ध भयो। जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीको कक्षमा सम्पन्न जाँच प्रक्रियामा आम पर्यवेक्षक श्री उमाकान्त उमरावको विशेष उपस्थिति थियो।

यता सोरेङ जिल्लाका निम्ति जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारीको कक्षमा सम्पन्न जाँच प्रक्रियामा उन्नाइसजना उम्मेदवारले बुझाएको नामाङ्कनमध्ये तीनजनाको रद्ध गरिएको छ।

नाम्ची जिल्लाका आम पर्यवेक्षक श्री अमरनाथ उपाध्यायको उपस्थितिबीच जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा आज यस जिल्लाका सातवटा समष्टिका निम्ति उम्मेदवारीको नामाङ्कन जाँच प्रक्रिया सम्पन्न भयो। यस जिल्लामा कुल तेतीसजनाले बुझाएको नामाङ्कनमध्ये तीनजनाको रद्ध भएको छ।

पाकिम जिल्लाका पाँचवटा समष्टिबाट नामाङ्कन बुझाउने अट्ठाइसजना उम्मेदवारमध्ये दुईजनाको उम्मेदवारी रद्ध भएको छ। यस जिल्लाका निम्ति नामाङ्कन जाँचको प्रक्रिया जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलको कार्यालयमा सम्पन्न भएको थियो।

गान्तोक जिल्लाका निम्ति जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा आम पर्यवेक्षक श्री जितेन्द्र कुमारको उपस्थितिबीच जाँच प्रक्रिया सम्पन्न भयो। यस जिल्लाका आठवटा समष्टिबाट विभिन्न पार्टीका कुल चालीसजना उम्मेदवार चुनावी मैदानमा रहेका छन्।

नामाङ्कन फिर्ता लिने अन्तिम मिति भोली तीनबजीसम्म रहेको छ।

---------------------------------------X---------------------------------------

## GO Visits Polling Stations

सोरेङ जिल्लाकी आम चुनाउ पर्यवेत्रक श्रीमती निना शर्माले आज यस जिल्लाअन्तर्गतका संवेदनशील मतदान केन्द्र र नियन्त्रण कक्षको निरीक्षण गर्नुभयो। यस अवधि उहाँले Sector Magistrates-हरूसित भेट गर्दै उहाँहरूको कार्यक्षेत्रबारे कुरा गर्नुभयो।

उल्लेख्य छ, यस जिल्लामा रहेका सड्सटवटा मतदान केन्द्रहरूमध्ये बाह्रवटालाई संवेदनशीलको रूपमा चिन्हित गरिएको छ। यसका साथै जिल्लामा चारवटा नाका पोइन्ट्स स्थापि गरिएको छ।

---------------------------------------X---------------------------------------

## General Observer

आगामी चुनाउका निम्ति मंगन जिल्लाका आम पर्यवेक्षक श्री उमाकान्त उमरावले जिल्ला प्रशासनिक केन्द्रस्थित सम्मेलन कक्षमा हिजो जिल्लाका अधिकारीहरूसित बैठक गर्नुभयो।

मंगनका जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीले जिल्ला र यहाँका समष्ठिहरूको रूपरेखासितै अहिलेसम्म भएको चुनाउसित सम्बन्धित गतिविधिको बारेमा पर्यवेक्षकलाई अवगत गराउनुभयो। उहाँले पर्यवेक्षकलाई जिल्ला प्रशासनिक केन्द्रमा स्थापित नियन्त्रण कक्षको जानकारी दिँदै सबै नोडक अधिकारीको परिचय गराउनुभयो।

श्री उमरावले देशभरिमा चुनाउ प्रक्रियाबारे आफ्नो दुई दशकको अनुभव साझा गर्नुभयो अनि आम चुनाउको नियमबारे आफूलाई परिचित राख्न आवश्यक रहने बताउँनुभयो।

उहाँले चुनाउ कार्य शून्यत्रुटी कार्य भएको र मानिसले निर्देश र दिशानिर्देशको पूर्णरूपमा पालन गर्न आवश्यक रहने बताउनुभयो, किनकि अधिक ज्ञानको मतलब अधिक शक्ति हो, जसको परिणामस्वरूप अधिक अधिकार प्राप्त हुँदछ।

आज जिल्ला मुख्यालय आइपुग्नुभएका आम चुनाउका निम्ति पाकिम जिल्लाका पुलिस पर्यवेक्षक श्री रञ्जीत कुमार मिश्रले जिल्लाधीश श्री टाशी छोपेल र वरिष्ठ पुलिस अधिक्षक श्री तेञ्जीङ लोडे लेप्चासित भेट गर्दै चुनाउसित सम्बन्धित सुरक्षा प्रबन्धनबारे चर्चा गर्नुभयो।

यसअवधि जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी तथा वरिष्ठ पुलिस अधिक्षकले वर्तमान अवस्था साथै मतदानको दिनका लागि व्यवस्थाबारे पर्यवेक्षकलाई अवगत गराउनुभयो।

श्री मिश्रले यसमा समावेश गरिनुपर्ने केही महत्त्वपूर्ण कुराहरू बताउँदै अहिलेसम्मको व्यवस्थाप्रति सन्तुष्टि व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

## Special Training

मंगनस्थित जिल्ला पञ्चायतको सम्मेलन कक्षमा Electronic Voting Machines (EVM) र सामग्री प्रबन्धन टोलीको कमिसनका लागि आज विशेष प्रशिक्षण सत्र सम्पन्न भयो।

जिल्ला स्तरीय प्रमुख प्रशिक्षक श्री पाल्देन लाचुङ्पाले मतदान केन्द्रहरूमा EVM र VVPAT-को माग, पहिलो चरणको जाँच, रेन्डोमाइजेसन, सीलबन्द र आदेशसित सम्बन्धित प्रक्रिकाबारे प्रकाश पार्नुभयो। प्रशिक्षणार्थीहरूलाई यस अवधि EVM-को विभिन्न भाग र सामग्री प्रबन्धनका लागि चरणबद्ध प्रक्रियाबारे अवगत गराइयो।

---------------------------------------X---------------------------------------

## Governor Convocation

कञ्चनजङ्घा राज्य विश्वविद्यालयका कुलाधिपती पनि रहनुभएका राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य आज चिन्तन भवनमा आयोजित विश्वविद्यालयको दोस्रो दिक्षान्त समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित हुनुभयो।

उहाँले स्नातक तहको अध्ययन पूरा गरिरहेका विद्यार्थीहरूलाई बधाई दिँदै दिक्षान्त समारोहलाई उनीहरूको वर्षौंको समर्पण र कडा मेहेनतको परिणत बताउनुभयो अनि यस दिनको महत्त्वमाथि प्रकाश पार्नुभयो।

भारतको समृद्ध विविधतालाई स्वीगार गर्दै श्री आचार्यले आफ्नो भाषाको पाठ्यक्रमको माध्यमबाट भाषायी विविधतालाई संरक्षित गर्न र प्राथमिकता दिनमा रहेको प्रतिबद्धताको निम्ति विश्वविद्यालयको सराहना गर्नुभयो। उहाँले समावेशिता र भाषाप्रति सम्मानको उदाहरण स्थापित गर्नमा रहेको विश्वविद्यालयको भूमिकामाथि प्रकाश पार्नुभयो, जसबाट देशको सांस्कृतिक छविमा योगदान पुऱ्याउन सकियोस्।

राज्यपालले कार्यक्रमअवधि विश्वविद्यालयको पत्रिकाको विमोचन गर्नुभयो। श्री आचार्यले संस्कृत र नेपालीमा उत्कृष्ट दुईजना विद्यार्थीहरूलाई प्रतिष्ठित स्वर्ण र रजत पदकसहित तीर्चारीसजनालाई प्रमाण पत्र प्रदान गर्नुभयो, जुन उनीहरूको शैक्षणिक उपलब्धी र उत्कृष्टताप्रति प्रतिबद्धताको प्रतिक हो।

--------------------------------------X--------------------------------------